# प्रेस विज्ञप्ति

मिति : २०७५ बैशाख २४ गते

मानननीय अर्थमन्त्री डा. युवराज खतिवडा मे ३ देखि ६, २०१८ सम्म फिलिपिन्सको मनिलामा आयोजना भएको एसियाली विकास बैङ्कको ५१ औं वार्षिक बैठकमा सहभागी भई उक्त बैठकलाई सम्बोधन गर्नुका अतिरिक्त अन्य समानान्तर बैठक तथा कार्यक्रमहरूमा समेत सक्रियतापूर्वक सहभागी भई बैशाख २३ गते नेपाल फर्किनु भयो ।

वार्षिक बैठकलाई सम्बोधन गर्दै अर्थमन्त्री डा. खतिवडाले नेपाल एकात्मक राज्यको स्वरुपवाट सङ्घीय स्वरूपको शासन प्रणालीमा रूपान्तरण भई कार्यान्वयनमा भर्खर प्रवेश गरेको अवस्था भएकोले विकास प्रक्रियामा बहुआयामिक जोखिम रहेको उल्लेख गर्दै नेपालले राजनैतिक अधिकारको लागि भएको लामो संघर्षलाई संस्थागत गर्दै दिगो समावेशी आर्थिक विकास गर्ने दिशामा अगाडि बढेको उल्लेख गर्नु भयो । अर्थमन्त्री डा. खतिवडाले नेपालमा सङ्घ, प्रदेश र स्थानीय तहहरूको निर्वाचन हालै सम्पन्न भई सङ्घीय स्वरूपको शासन प्रणाली स्थापित भई करिव ४१ प्रतिशत महिलाहरू निर्वाचित हुन सफल भएको उल्लेख गर्दै वर्तमान सरकार जनताको गरिबी निवारण तथा जीवनस्तरमा सुधार ल्याउन र आर्थिक विकासको गतिलाई तिव्र बनाउन सङ्घीय प्रणालीलाई संस्थागत गर्दै अगाडि बढ्ने विषयमा प्रतिवद्ध भएको बताउनु भयो ।

सम्बोधनको क्रममा अर्थमन्त्री डा. खतिवडाले वर्तमान संविधानले परिकल्पना गरेका जनताका आधारभूत नागरिक अधिकारहरू हासिल गर्ने गरी अगाडि बढन तथा नेपाललाई आगामी ४ वर्ष भित्र अति कम विकसित राष्ट्रबाट स्तरोन्नति गर्ने लक्ष्य हासिल गर्न र दिगो विकासका तोकिएका लक्ष्यहरूलाई हाम्रा आफ्ना विकास कार्यक्रमहरूमा ढालेर लानु पर्ने अवस्था औंल्याउँदै यसको लागि सन् २०३० सम्ममा कुल गार्हस्थ उत्पादनको कम्तिमा औसत ५० प्रतिशत लगानी वार्षिक रुपमा गर्दै जानु पर्ने अवस्था रहेको र उक्त अवधिमा सार्वजनिक क्षेत्रको लगानीका लागि मात्रै कुल गार्हस्थ उत्पादनको करिव १० प्रतिशत जति स्रोत वार्षिक रुपमा नपुग हुने भएकोले यसको पूर्ति गर्न पनि बैङ्कको भूमिका महत्वपूर्ण हुने आशा व्यक्त गर्नु भयो।

अर्थमन्त्री डा. खतिवडाले उक्त बैठकमा विश्वव्यापी रुपमा पर्यावरणीय तथा जलवायु परिवर्तनको जोखिम बढेको, सीमावारपार वसाई सराईको समस्या यथावत रहेको तथा अपराध र मानव बेचविखनका समस्याहरू समाधान गर्न पनि दरिलो क्षेत्रिय सहयोग आवश्यक हुने तथा यस्ता विश्वव्यापी सामाजिक तथा वातावरणीय मुद्दाहरू हाम्रा आफ्ना कारणले सृजना नभएको हुँदा यस्ता समस्याहरू समाधानका लागि अनुदानको रुपमा सहायता उपलब्ध गराउन पनि जोड दिनु भयो ।

अर्थ मन्त्री डा. खतिवडाले बैङ्कका अध्यक्ष ताकेहिको नकाओसंग भएको छुट्टै द्विपक्षीय बैठकमा नेपालको विकासमा बैङ्कले पुऱ्याउँदै आएको सहयोग प्रति सरहाना व्यक्त गर्दै तिव्र गतिमा बढ्दै गइरहेको सहरीकरणलाई थप व्यवस्थित र बस्नयोग्य बनाउन तथा शहरी क्षेत्रहरूलाई आर्थिक वृद्धिको माध्यम बनाउदै यसलाई अग्र तथा पृष्ठ सम्बन्धका आधारमा ग्रामीण अर्थतन्त्रसँग जोडदै जानु पर्ने र यसको पूर्वाधार निर्माणमा धेरै लगानी बढाउनु पर्ने भएकोले यस क्षेत्रमा थप सहयोग गर्न जोड दिँदै बैङ्कलाई आग्रह गर्नु भयो । सङ्घीयताको कार्यान्वयनको लागि पनि थप स्रोतको आवश्यकता परेको र क्षमता विकासको लागि समेत काम गर्नु पर्ने आवश्यकता रहेको कुरा औंल्याउदै अर्थमन्त्री डा. खतिवडाले आगामी दिनमा परम्परागत रुपमा परिचालन गर्दै आएको भन्दा फरक ढङ्गबाट दिगो विकासका लक्ष्यहरू प्राप्तिको लागि सहायता प्राप्त गर्ने

गरी परियोजना केन्द्रित भन्दा क्षेत्रगत रुपमा नीति तथा कार्यक्रममा आधारित भई सहायता परिचालन गर्ने रणनीति अवलम्बन गर्न र नेपालले प्राप्त गर्ने नियमित प्रकारको सहुलियतपूर्ण ऋणको अतिरिक्त अन्य स्रोतहरूबाट पनि नेपाललाई थप स्रोत आवश्यक परेको अवस्था विद्यमान भएकोले थप सहायता उपलब्ध गराउन समेत आग्रह गर्नु भयो ।

वार्षिक बैठकमा सहभागी हुने क्रममा दक्षिण एसियाली क्षेत्रिय सहयोग सङ्गठन (सार्क) का अर्थ मन्त्रीहरूको १२ औं अनौपचारिक बैठकको अध्यक्षता गर्दै अर्थमन्त्री डा. खतिवडाले सार्क राष्ट्रहरूको क्षेत्रीय हित र पारस्परिक सहयोग अभिवृद्धिका लागि सामूहिक रुपमा अगाडि बढ्ने ऐक्यबद्धता व्यक्त गर्दै दक्षिण एसियाली आर्थिक युनियनमा जाने दशकौं अघि देखिको प्रयासमा आफू स्वयं पनि सहभागी भएको स्मरण गर्दै यसलाई मूर्त रूप दिन अघि बढन सबै सदस्य राष्ट्रका अर्थमन्त्री तथा प्रतिनिधिमण्डलका प्रमुखहरूलाई आग्रह गर्नु भयो । अर्थ मन्त्री डा. खतिवडा सार्क विकास कोषको गभर्निङ काउन्सिलको बैठकमा पनि सहभागी हुनु भयो ।

अर्थमन्त्री खतिवडाले अन्तर्राष्ट्रिय वित्त निगमका प्रतिनिधिहरूसँग भेटघाटमा वर्तमान जननिर्वाचित सरकारले निजी क्षेत्रको विकास गरी उत्पादनशील क्षेत्रमा लगानी बढाउनका लागि सहयोग उपलब्ध गराउन अनुरोध गर्नु भयो । संयुक्त राज्य अमेरिकामा क्षेत्रिय प्रतिनिधिहरू तथा युरोपियन लगानी बैकका पदाधिकारीहरूसँग पनि अर्थमन्त्रीले द्विपक्षीय भेटघाट गरी नेपालको सामाजिक तथा आर्थिक विकासको लागि स्रोत उपलब्ध गराउन अनुरोध गर्नु भयो।